# संघीय संसद
# राष्ट्रिय सभा
## पाँचौं अधिवेशन
## बैठक – १
## सूचना पत्र – २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७६ पुस ०४ गते शुक्रबार**

संघीय संसद, राष्ट्रिय सभाको पाँचौं अधिवेशको पहिलो बैठक सम्माननीय अध्यक्ष **गणेशप्रसाद तिमिल्सिना**को अध्यक्षतामा **अपराह्न ४:१० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले सभाको पाँचौं अधिवेशनको पहिलो बैठकमा पाल्नुभएका सम्पूर्ण माननीय सदस्यहरूलाई स्वागत गर्नुहुँदै सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वान सम्बन्धी प्राप्त पत्रको व्यहोरा पढेर सुनाउभयो ।

"नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०७६ साल पुस ४ गते शुक्रबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर, काठमाडौंमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।

(विद्यादेवी भण्डारी)
मिति: २०७६ मंसीर २४"

तत्पश्चात्, सभाले लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न दुई मिनेट उठेर मौन धारण गऱ्यो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले संघीय संसदको पाँचौं अधिवेशन प्रारम्भ भएको अवसरमा आफ्नो मन्तव्य राख्नका लागि राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट नाम प्राप्त भएको जानकारी गराउनु हुँदै निम्न बमोजिम माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

१. माननीय दीनानाथ शर्मा
२. माननीय सुरेन्द्र राज पाण्डे
३. माननीय वृषेश चन्द्र लाल
४. माननीय प्रमिला कुमारी

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को गठन सम्बन्धी प्राप्त पत्रको व्यहोरा पढेर सुनाउनुभयो ।

"सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मौजुदा मन्त्रिपरिषद्मा देहाय बमोजिमको नियुक्ति, हेरफेर र कार्यविभाजन गरी देहाय बमोजिम मन्त्रिपरिषद् गठन गर्नुभएको छ ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री के.पी. शर्मा ओली | प्रधानमन्त्री | |
| २. | श्री ईश्वर पोखरेल | उपप्रधानमन्त्री | रक्षा |
| ३. | श्री उपेन्द्र यादव | उपप्रधानमन्त्री | कानून, न्याय तथा संसदीय मामिला |
| ४. | श्री रामबहादुर थापा | मन्त्री | गृह |
| ५. | श्री प्रदीपकुमार ज्ञवाली | मन्त्री | परराष्ट्र |
| ६. | श्री हृदयेश त्रिपाठी | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| ७. | श्री गिरिराजमणि पोखरेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| ८. | श्री बर्षमान पुन | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिंचाई |
| ९. | श्री घनश्याम भुसाल | मन्त्री | कृषि तथा पशुपन्छी विकास |

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १०. | श्री भानुभक्त ढकाल | मन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| ११. | श्री लेखराज भट्ट | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १२. | श्री योगेशकुमार भट्टराई | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १३. | श्री शक्तिबहादुर वस्नेत | मन्त्री | वन तथा वातावरण |
| १४. | श्री रामेश्वर राय यादव | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| १५. | डा. युवराज खतिवडा | मन्त्री | अर्थ |
| १६. | श्री मोहम्मद इश्तियाक राई | मन्त्री | सहरी विकास |
| १७. | श्री जगतबहादुर सुनार (विश्वकर्मा) | मन्त्री | युवा तथा खेलकुद |
| १८. | श्री गोकुलप्रसाद बाँस्कोटा | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| १९. | श्री पद्माकुमारी अर्याल | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| २०. | श्री बीना मगर | मन्त्री | खानेपानी |
| २१. | श्री वसन्तकुमार नेम्बाङ्ग | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| २२. | श्री पार्वत गुरुङ | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| २३. | श्री मोतिलाल दुगड | राज्यमन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| २४. | श्री नवराज रावत | राज्यमन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| २५. | श्री रामवीर मानन्धर | राज्यमन्त्री | शहरी विकास |

(डा. हरि पौडेल)

मितिः २०७६।८।४ सचिव"

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाका पूर्व सदस्यद्वय **हरिवैरागी दाहाल** र **रामलखन महतो** तथा संविधान सभा सदस्यद्वय **कमला सुवेदी** र **रामेश्वर ढुङ्गेल**को निधन भएकोमा निम्न लिखित शोक प्रस्तावहरू प्रस्तुत गर्नुभयोः

**शोक प्रस्तावहरू**

१. "वि.स. २०५१ सालको आम निर्वाचनमा प्रतिनिधि सभा सदस्यमा संखुवासभा जिल्ला निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित हरिवैरागी दाहालको ६२ वर्षको उमेरमा मिति २०७६ साल असोज ३ गते शुक्रबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्व. दाहाल तत्कालीन नेपाल कम्प्यूनिष्ट पार्टी (एमाले) का केन्द्रीय ऊर्जा विभागको सदस्य हुनुहुन्थ्यो ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

२. "वि.स. २०५१ सालको आम निर्वाचनमा प्रतिनिधि सभा सदस्यमा तत्कालिन नेकपा (एमाले) का तर्फबाट धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. ५ बाट निर्वाचित रामलखन महतोको ६६ वर्षको उमेरमा मिति २०७६ साल कार्तिक १५ गते शुक्रबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

३. "वि.स. २०७० सालको संविधानसभा सदस्यमा निर्वाचित कमला सुवेदीको ५० वर्षको उमेरमा ब्रेन ट्यूमरका कारण मिति २०७६ साल कार्तिक ९ गते शनिबारका दिन भक्तपुरको लोकन्थली स्थित निवासमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्व. सुवेदी तत्कालीन नेपाल कम्प्यूनिष्ट पार्टी (एमाले) को बैकल्पिक केन्द्रीय सदस्य हुनुहुन्थ्यो ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

४. “वि.स. २०७० सालको संविधानसभा सदस्यमा नेपाली काँग्रेसका तर्फबाट भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित रामेश्वर ढुङ्गेलको ५९ वर्षको उमेरमा मिति २०७६ साल पुस १ गते मंगलबारका दिन उपचारका क्रममा त्रि. वि. वि. शिक्षण अस्पताल महाराजगञ्जमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।”

लगत्तै, सम्माननीय अध्यक्षले उपर्युक्त शोक प्रस्तावहरूलाई पारित गरिदिन अनुरोध गर्नुहुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सभाले स्व. हरिवैरागी दाहाल, स्व. रामलखन महतो, स्व. कमला सुवेदी र स्व. रामेश्वर ढुङ्गेलको आत्माको चीर शान्तिको लागि उठेर एक मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल पुस ७ गते सोमबार दिनको १:०० बजे** बस्ने गरी **अपराह्न ५:०५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(मनोहरप्रसाद भट्टराई)**
संघीय संसदको महासचिव